आज मिति २०८०/१०/१०गते बुधवारका दिन यस मिचैंया नगरपालिकाको नगर प्रमुख श्री श्रवण कुमार यादवज्यूको अध्यक्षता तथा नगरकार्यपालिका सदस्य ज्यूहरुको उपस्थितीमा तपसिल वमोजिमको प्रस्तावहरुमाथि छलफल गरी निर्णय गर्न नगर कार्यपालिकाको वैठक वसियो ।

उपस्थिती

| | |
|---|---|
| नगर प्रमुख | श्री श्रवण कुमार यादव |
| उप प्रमुख | श्री जिबछी देवी साह |
| वडा अध्यक्ष वडा नं.१ | श्री रुपेश कुमार महतो |
| वडा अध्यक्ष वडा नं.२ | श्री हरिराम श्रेष्ठ |
| वडा अध्यक्ष वडा नं.३ | श्री पबित्रि देवी यादव |
| वडा अध्यक्ष वडा नं.४ | श्री दिलिप कुमार सिंह |
| वडा अध्यक्ष वडा नं.५ | श्री प्रदिप कुमार साह |
| वडा अध्यक्ष वडा नं.६ | श्री राम प्रकाश महासेठ |
| वडा अध्यक्ष वडा नं.७ | श्री राम दयाल ठाकुर बरही |
| वडा अध्यक्ष वडा नं.८ | श्री बिरेश्वर यादव |
| वडा अध्यक्ष वडा नं.९ | श्री दिनेश कुमार मण्डल |
| वडा अध्यक्ष वडा नं.१० | श्री संजय कुमार साह |
| वडा अध्यक्ष वडा नं.११ | श्री चन्द्रदिप कुमार यादव |
| वडा अध्यक्ष वडा नं.१२ | श्री मनेलाल यादव |
| मनोनित सदस्य | श्री विनोद प्रसाद महतो |
| मनोनित सदस्य | श्री दिपेश कुमार सिंह |
| महिला मनोनित सदस्य | श्री जरिना खातुन |
| महिला मनोनित सदस्य | श्री अनिता देवी कापैर |
| महिला मनोनित सदस्य | श्री आशा कुमारी यादव |
| महिला मनोनित सदस्य | श्री निर्मला विश्वकर्मा |

महिला मनोनित सदस्य श्री नरघिमा लामा

प्रमुख प्रशासकीय अधिकृत श्री विष्णु रञ्जन वराल(सचिव)

**प्रस्तावहरु**

१.योजनाको रकम भुक्तानी सम्वन्धमा ।
२.स्वास्थ्य विमा कार्यक्रम सम्वन्धमा ।
३.सूचना प्रविधि अधिकृत छनौट सम्वन्धमा ।
४.आर्थिक सहायता सम्वन्धमा ।
५.आवश्यक कारवाही गर्ने सम्वन्धमा ।
६ .सूचना प्रकाशन सम्वन्धमा ।
७.संगठन तथा व्यवस्थापन सर्वेक्षण सम्वन्धमा ।
८.पाश्र्वचित्र, २०७३ स्वीकृती गर्ने सम्वन्धमा ।
९.रेमी परियोजनाको फोकल पर्सन सम्वन्धमा ।
१०.अत्यधिक भार बोक्ने ट्रिपर नियन्त्रण सम्वन्धमा ।
११.तराई मधेश समृधि कार्यक्रम अन्तर्गतको योजना पेश गर्ने सम्वन्धमा ।
१२.१५ सैया अस्पतालको भेरिएसन प्रतिवेदन स्वकृती सम्वन्धमा ।
१३.बतहा खोला पुलको भेरिएसन प्रतिवेदन स्वकृती सम्वन्धमा ।
१४.स्थानीय स्वास्थ्य संस्था व्यवस्थापन समिति गठन आदेश,२०८० स्वीकृती सम्वन्धमा ।
१५.स्थानीय स्वास्थ्य संस्था कर्मचारी विनियम,२०८० स्वीकृती सम्वन्धमा ।
१६.शसस्त्र प्रहरी वल,सिमा सुरक्षा वेश क्याम्प,मिर्चैयालाई आवश्यक सहयोग सम्वन्धमा ।
१७ विविध ।

१.प्रस्ताव नं.१ माथि छलफल गर्दा यस मिर्चैया नगरपालिका वडा नं.३ मा आ.ब. २०७८/०७९ मा संचालित योजना राजदेवी मन्दिर निर्माण कार्य,बकथल्बा,मिर्चैया न.पा.३ को योजना सम्पन्न भईसकेको र भुक्तानी हुन नसकेको देखिएकोले नियमानुसार नापजाँच गरी चालु आ.ब.मा भूक्तानीको लागि नगरकार्यपालिकाको कार्यालयमा पेश गर्ने निर्णय गरियो ।

२.प्रस्ताव नं.२ माथि छलफल गर्दा यस मिर्चैया नगरपालिका अन्तर्गत रहेको सम्पूर्ण जनप्रतिनिधि,कर्मचारी,स्वास्थ्य कर्मी,शिक्षक,ज्येष्ठ नागरीकहरुको पहिलो चरणमा अनिवार्य स्वास्थ्य विमा गर्ने र गर्न लगाउने निर्णय गरियो ।

३.प्रस्ताव नं.३ माथि छलफल गर्दा मिर्चैया नगरकार्यपालिकाको कार्यालयको विज्ञापन नं.७/०७९/०८० मिति २०७९/०५/३० गते सूचना प्रविधि अधिकृत सेवा करारमा लिनको लागि सूचना प्रकाशन गरिएकोमा सो भदमा विविध कारणले पदपूर्ती हुन नसकेकोले संकलन भएको आवेदनकर्ताहरुवाट नियमानुसार पदपूर्तीको लागि नगरकार्यपालिकाको कार्यालयमा पेश गर्ने निर्णय गरियो ।

४.प्रस्ताव नं.४ माथि छलफल गर्दा मिर्चैया न.पा.वडा नं.३ मा वस्ने दुखनी देवी यादव अति विपन्न भई पटक-पटक विरामी भईरहने भएकोमा निजलाई उपचार गराउन अन्य व्यवस्था नभएको हुँदा निजलाई रु.२००००/- आर्थिक सहायता दिएकोमा सो लाई अनुमोदन गर्ने निर्णय गरियो ।

५.प्रस्ताव नं.५ माथि छलफल गर्दा गोलवजार न.पा.वडा नं.६ मा रहेको रिसु कन्स्ट्रक्सनले आ.ब.२०७७/०७८ मा घुर्मी खोलावाट ढुङ्गा,गिटी,वालुवा उत्खन्न गरी विक्रीको लागि ठेक्कामा लिई यस कार्यालयमा वुझाउनुपर्ने रकम हालसम्म नवुझाएको साथै उक्त रकम वुझाउन विभिन्न कारण देखाई पटक-पटक रकम वुझाउने सम्झौता गरेकोमा यस कार्यालयको वाँकी सरहको रकम असुल गर्न सम्वन्धित निकायमा पत्राचार गर्ने साथै उक्त रिसु कन्स्ट्रक्सनलाई कालो सूचीमा राख्ने निर्णय गरियो ।

६.प्रस्ताव नं.६ माथि छलफल गर्दा यस कार्यालयवाट विभिन्न किसिमको सूचना प्रकाशन गर्दा विभिन्न शाखाहरुवाट छुटाछुटै प्रकाशन हुने गरेकोमा यस कार्यालयवाट के कती कुन मितिमा कस्तो सूचना प्रकाशन भएको हुन्छ सो समेत स्पष्ट नदेखीने हुँदा सूचना प्रकाशन सम्वन्धि सम्पूर्ण कार्य प्रशासन शाखा मार्फत मात्र गर्न लगाई साको अभिलेख राख्न लगाउने निर्णय गरियो ।

७. प्रस्ताव नं.७ माथि छलफल गर्दा मिर्चैया न.पा.वाट आ.व. ०७९।०८० मा Reeya Development Support Service Pvt.Ltd., Bhaktapur वाट तयार गरिएको संगठन तथा व्यवस्थापन सर्वेक्षण २०७९, यस मिर्चैया नगरपालिकाको ११ औ नगरसभावाट स्वीकृत भईसकेकोले उक्त सर्वेक्षणमा उल्लेख भए अनुसार यस कार्यालय अन्तरगत रहेका शाखा, सो

शाखामा रहने विभिन्न पद र व्यक्तिको कार्य विवरण तोक्ने साथै स्वीकृतीको लागि प्रदेश लोकसेवा आयोग लगायत सम्वन्धित निकायमा पठाउने निर्णय गरियो ।

८. प्रस्ताव नं.८ माथि छलफल गर्दा यस मिर्चैया नगरपालिकाको लागि २०७३ चैत्रमा मनकामना अध्ययन अनुशन्धान केन्द्र सानो ठिमी भक्तपुरवाट तयार भएको मिर्चैया न.पा. को पाश्र्वचित्र, २०७३ लाई स्वीकार गरी यसमा उल्लेख भएका तथ्यलाई समसामायिक गरी हरेक महिनाको पहिलो हप्तामा स्वतः प्रकाशन गर्ने र सो कार्य गर्न यस कार्यालयका सूचना अधिकारी गणेश गुप्तालाई जिम्मेवारी दिने निर्णय गरियो ।

९. प्रस्ताव नं.९ माथि छलफल गर्दा यस मिर्चैया नगरपालिका अन्तर्गत संचालिच रेमी परियोजना संचालन,व्यवस्थापन र सो सम्वन्धि अन्य कार्य गर्न गराउन सो शाखामा रोजगार परामर्शकर्ता पदमा कार्यरत यूवराज यादवलाई फोकल पर्सन तोक्ने निर्णय गरियो ।

१०. प्रस्ताव नं.१० माथि छलफल गर्दा मिर्चैया देखि घुर्मि सडक खण्डको यस न.पा.को कटारी चौक देखि यस न.पा. को उदयरको सिमानासम्म मारुती सिमेन्ट, सौर्य सिमेन्ट र अन्य सिमेन्टको ढुङ्गा वोक्ने टिपरहरुको सम्वन्धित निकायवाट नियमन नहुदा क्षमता भन्दा अत्याधिक भार बोकी सडकको संरचना विगार्ने,अत्याधिक धुलो धुवा गर्ने,ध्वनि प्रदुषणवाट अक्रान्त वनाउने लगायत जनधनको समेत क्षती हुन सक्ने सम्भावित समस्यालाई समेत समयमै निराकरणको लागि क्षमता भन्दा वढी भार वोक्ने टिपरलाई आवश्यक कारवाही गर्न र सडकको क्षमता अनुसार मात्र ट्रीपर ल्याउन लगायत आवश्यक नियमनको लागि आवश्यक व्यवस्था मिलाउन गृह मन्त्रालय सिंहदरवार काठमाण्डौं, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय,सडक विभाग,सडक वोर्ड, जिल्ला प्रशासन कार्यालय सिरहा, सडक डिभिजन कार्यालय लहान, जिल्ला प्रहरी कार्यालय सिरहा र जिल्ला ट्राफिक प्रहरी कार्यालय सिरहा लगायत सम्बन्धीत निकायलाई लेखी पठाउने निर्णय गरियो ।

**११.प्रस्ताव नं ११ माथि छलफल गर्दा** आर्थिक वर्ष २०८१/८२ को लागि तराई मधेश समृधि कार्यक्रम अन्तर्गत मिर्चैया नगरपालिका **"वडा नं ९ को भवन निर्माण कार्य"** योजना सम्बन्धित निकायमा पठाउने निर्णय गरियो ।

**१२.प्रस्ताव नं.१२ माथि छलफल गर्दा** यस मिर्चैया न.पा. को ठेक्का नंः 03-MM-NCB-Building Works-२०७८/७९ Construction of १५ Bed Primary Hospital Building Works at Mirchaiya Municipality-०२अन्तर्गत निर्माण व्यवसायी श्री ShrinkhalaNirmanSewa Pvt. Ltd., Bidur-०४, Battar, Nuwakot, Nepal संग भएको सम्झौता अनुसार वडा नं २ मल्हनियामा निर्माणधीन १५ शैया अस्पतालको सुरुको लागत अनुमान रकममा थप कार्य कम्पाउन्ड वाल, ल्यान्डस्केपिङ आदि निर्माणको लागि परिमार्जित लागत अनुमान अनुसार तपशिल बमोजिम पेश भएको भेरिएसन आदेश बमोजिमको रकम यस न.पा.बाट बेहोर्ने गरि पेश भएको भेरिएसन प्रतिवेदन पारित गर्ने निर्णय गरियो ।

| | | |
|---|---|---|
| सुरुलागत अनुमानः | 15,42,40,075.39 | (कन्टिजेन्सि र VAT बाहेक) |
| सुरु लागतको आधारमाभएको थप/घटः | 1,65,81,323.07 | " |
| यस लागत अनुमानमाभएको थप/घटको %ः | 10.75% | |
| यस भेरिएसन पछि कायमभएको लागत अनुमानः | 17,08,21,398.46 | " |
| सुरु सम्झौता रकमः | 15,03,03,127.55 | " |
| सुरु सम्झौतामा भएकोथप/घटः | 1,52,46,747.84 | |
| सुरु सम्झौतको आधारमाभएको थप/घटको %ः | 10.14% | |
| परिमार्जीत सम्झौतारकमः | 16,55,49,875.39 | " |
| थप लागत अनुमानकालागि बजेटको व्यवस्थाः | मिर्चैया नगरपालिका | |
| हाल सम्मको खर्च रकमः | 9,65,03,449.82 | " |

**१३.प्रस्ताव नं.१३ माथि छलफल गर्दा** यस मिर्चैया न.पा. को ठेक्का नंः 02-MM-NCB-Bridge Works-2079/80 Construction of Double Span (50m) RCC Bridge in Bataha Khola. अन्तर्गत निर्माण व्यवसायी श्री Ajay Construction, Lahan-06, Siraha, Nepal संग भएको सम्झौता अनुसार निर्माणधीन बतहा खोला पुलको सुरुको लागत अनुमान रकममा पुलको Deck Slab को Level, Site को अवस्था अनुसार सडकको Existing Level सम्म परिवर्तन गर्दा

Design परिवर्तन भई Abutmentको उचाई तथा Pile सँख्या बढेकोले परिमार्जित लागत अनुमान अनुसार तपशिल बमोजिम पेश भएको भेरिएसन आदेश बमोजिमको रकम यस न.पा.बाट बेहोर्ने गरि पेश भएको भेरिएसन प्रतिवेदन पारित गर्ने निर्णय गरियो।

| | | |
|---|---|---|
| सुरुलागत अनुमानः | 6,45,69,665.33 | (कन्टिजेन्सि र VAT बाहेक) |
| सुरु लागतको आधारमाभएको थप/घटः | 2,70,85,857.32 | " |
| यस लागत अनुमानमाभएको थप/घटको %: | 41.95% | |
| यस भेरिएसन पछि कायमभएको लागत अनुमानः | 9,16,55,522.65 | " |
| सुरु सम्झौता रकमः | 5,57,46,730.46 | " |
| सुरु सम्झौतामा भएकोथप/घटः | 1,94,24,214.00 | " |
| सुरु सम्झौतको आधारमाभएको थप/घटको %: | 34.82% | |
| परिमार्जीत सम्झौतारकमः | 7,51,70,944.46 | " |
| थप लागत अनुमानकालागि बजेटको व्यवस्थाः | मिर्चैयानगरपालिका | |
| हाल सम्मको खर्च रकमः | 2,56,85,436.66 | " |

१४.प्रस्ताव नं.१४ माथि छलफल गर्दा यस मिर्चैया नगरपालिकाको स्थानीय स्वास्थ्य संस्था व्यवस्थापन समिति गठन आदेश,२०८० स्वीकृती गर्ने निर्णय गरियो ।

१५.प्रस्ताव नं.१५ माथि छलफल गर्दा यस नगरपालिकाको स्थानीय स्वास्थ्य संस्था कर्मचारी विनियम,२०८० स्वीकृती गर्ने निर्णय गरियो ।

१६.प्रस्ताव नं.१६ माथि छलफल गर्दा यस मिर्चैया नगरपालिकामा रहेको सशस्त्र प्रहरी बल,नेपाल सुरक्षा वेश क्याम्प,मिर्चैया,सिरहाको च.न.५४ मिति २०८०/०९/२३ गतेको पत्रवाट दैनिक रुपमा डिउटी परिचालन गरी आम जनमानसमा हुन सक्ने धन जनको क्षती लगाएत विपत जोखीम जस्ता दैविक प्रकोप आईपर्ने कार्यहरुमा खटिरहनेमा उक्त कार्यालयको मर्मतको लागि विल पेश भएकोमा सो समर्थन गर्ने निर्णय गरियो ।